# नेपाल पत्रकार महासंघ र नेपाल अमेरिका पत्रकार संघ (नेजा) बीचको सम्झौता-पत्र

१) नेपाल पत्रकार महासंघ र नेपाल अमेरिका पत्रकार संघ (नेजा) दुई देशका अलग-अलग कानुनअनुसार स्थापित संस्था हुन् । तर, दुवै संस्थाको उद्देश्य र सदस्यसमेत पत्रकारितासँग सम्बन्धित नै हुने भएकाले दुई संस्थाका बीचमा सम्बन्ध स्थापित हुनु सकारात्मक छ । यी दुई संस्थाबीच आपसी समझदारी, सहकार्य र समन्वयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न दुवै संस्था सहमत भएकाले यो सम्झौता गरिएको छ ।

२) नेजा र महासंघले औचित्यका आधारमा एक अर्कामा सहकार्य गर्दै नेपाल, अमेरिका र क्यानडामा विभिन्न कार्यक्रम गर्नेछन् । नेजाले नेपालमा गर्ने गतिविधि महासंघको सहकार्यमा गर्नेछ भने महासंघले अमेरिका र क्यानडामा गर्ने कार्यक्रम नेजाको सहकार्यमा गर्नेछ ।

३) संयुक्त राज्य अमेरिका र क्यानडामा आवश्यक पर्दा नेजालाई नेपाल पत्रकार महासंघको औपचारिक प्रतिनिधिमूलक संस्था मानिनेछ ।

४) नेपाल पत्रकार महासंघको सदस्य भइसकेको र नेजाको साधारण सदस्यता कायम रहेको पत्रकारको हकमा महासंघको सदस्यता नवीकरणलाई महासंघको विधानले गरेको व्यवस्थाअनुसार गर्ने व्यवस्था मिलाइनेछ ।

५) दुई संस्थासँग सम्बन्धित कुनै पनि संस्थागत एवं नीतिगत परिवर्तन गर्नुपरेको खण्डमा दुई संस्थाले पूर्वजानकारी दिनुपर्नेछ । साथै, नेजा र महासंघले गरेका एकआपसमा सम्बन्धित निर्णयहरूको बारेमा संस्थालाई आवश्यकताअनुसार जानकारी गराइनेछ ।

६) नेजाको महाधिवेशन र साधारण सभामा महासंघबाट सहभागिताका लागि आमन्त्रण गर्ने व्यवस्था मिलाइनेछ । यसैगरी, महासंघले आफ्नो महाधिवेशन र साधारण सभामा नेजाबाट सहभागिताका लागि आमन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।

७) नेजा र महासंघ बीचको सम्झौता हरेक तीन वर्षमा पुनरावलोकन गर्दै समयानुकूल बनाइनेछ ।

८) यो सम्झौतामा उल्लेखित कुनै बुँदा सम्बन्धित देशको मूल कानुनसँग बाझिएको हकमा स्वतः निष्प्रभावी हुनेछन् ।

९) यो सम्झौता तत्काल लाग हुनेछ ।

जुलाई २३, २०२२ ।